# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको

## छब्बिसौं वार्षिक साधारण सभाको

### छलफल तथा निर्णयहरूको विवरण

(माईन्युट)

२०८१ पौष २६ गते शुक्रबार

## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय,

भगवतीबहाल, नक्साल, काठमाण्डौं

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था केन्द्रीय कार्यालय काठमाण्डौं २०५५

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाण्डौं २०५५ केन्द्रीय कार्यालय

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

## छब्बिसौं वार्षिक साधारण सभाको

### छलफल तथा निर्णयहरूको विवरण

### (माईन्युट)

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/०९/०१ मा बसेको सञ्चालक समितिको ३२२ औं बैठकको निर्णय अनुसार बोलाइएको संस्थाको छब्बिसौं वार्षिक साधारण सभा २०८१/०९/२६ गते शुक्रबार (जनवरी १०, २०२५) का दिन बिहान १०:०० बजे संस्थाको केन्द्रीय कार्यालय नक्साल भगवतीबहाल काठमाण्डौको सभाहलमा शुरू भएको थियो । संस्थाको छब्बिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८१/०९/०२ गते मंगलबार तथा मिति २०८१/०९/०५ गते शुक्रबारको "आर्थिक अभियान राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना प्रकाशित गरी शेयरधनीहरूलाई जानकारी गराइएको थियो ।

१. **वैधानिक सभा:**

कम्पनी ऐन, २०६३ र यस संस्थाको नियमावली बमोजिम संस्थाको छब्बिसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री हरि कृष्ण पन्तको सभापतित्वमा निम्न उल्लेखित मिति, समय र स्थानमा सम्पन्न भयो । सो सभामा शेयरधनीहरूको उपस्थिति वैधानिकता र छलफलका विषय तथा निर्णयहरू निम्न बमोजिम रहेको छ ।

२. **सभा भएको मिति, स्थान र समय:**

मिति : २०८१/०९/२६ गते शुक्रबार (तदनुसार जनवरी १०, २०२५) ।

स्थान : निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौंको सभास्थलमा सञ्चालन गरिएको ।

समय : बिहान १०:०० बजे शुरू भई दिउँसो १२:१५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा यस संस्थाको नियमावलीको नियम ४(३) बमोजिम संस्थाको छब्बिसौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन एवंम् वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८१/०९/०२ गते मंगलबार तथा मिति २०८१/०९/०५ गते शुक्रबारको "आर्थिक अभियान राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनीहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति:**

४.१ **कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरू:**

४.१.१ श्री हरि कृष्ण पन्त — अध्यक्ष



निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाण्डौं २०५५

४.१.२ श्री देवेन्द्र बहादुर राउत — सञ्चालक

४.१.३ श्री सन्तोष कुमार भट्टराई — सञ्चालक

४.१.४ श्री निरज कुमार बस्नेत (डनिल) — सञ्चालक

४.१.५ श्री टोप बहादुर रायमाझी — सञ्चालक

४.१.६ श्री सम्प्रिता तिवारी — सञ्चालक

४.१.७ श्री कृष्ण कुमार प्रधान — सञ्चालक

४.२ **संस्थागत प्रतिनिधिको उपस्थिति:**

४.२.१ श्री अन्जु पाण्डे — प्रतिनिधि, निर्धन संस्था

४.२.२ श्री राजन कायस्थ — प्रतिनिधि, एभरेष्ट बैंक लिमिटेड

४.२.३ श्री सुन्दर बास्तोला — प्रतिनिधि, हिमालयन बैंक लिमिटेड

४.२.४. श्री निरज कुमार बस्नेत (डनिल) — प्रतिनिधि, नबिल बैंक लिमिटेड

४.२.५ श्री सुमोद थापा — प्रतिनिधि, नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि.

४.३ **अन्य आमन्त्रित कम्पनीका प्रतिनिधिहरूको उपस्थिति:**

४.३.१ श्री नृपराज उपाध्याय, सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

४.४ **शेयरधनीहरूको उपस्थिति:**

संस्थापक शेयरधनीहरूको उपस्थिति संख्या : ९ जना

सर्वसाधारण शेयरधनीहरूको उपस्थिति संख्या : २०१ जना

**कुल उपस्थित शेयरधनी संख्या: २१० जना**

४.५ **कर्मचारीहरूको उपस्थिति:**

सभामा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री मुकेश दहाल, कम्पनी सचिव श्री जगय प्रसाद पन्त लगायत अन्य कार्यकारी, व्यवस्थापकीय, अधिकृत, सहायक तथा सहयोगी श्रेणीका गरी कुल ३९ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

५. **गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार):**

| विवरण | कित्ता | उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम् तथा प्रतिनिधि मार्फत | कुल | |
| शेयरधनी संख्या (भौतिक र अभौतिक ) | २९,९२२ जना | २१० | २१० | |
| ग्रहण गरेको कित्ता | २६,१२०,७९७.५ | १४,६५८,१३७ | १४,६५८,१३७ | ५६.१२% |



काठमाण्डौ २०५५

## ६. सभाको वैधानिकता र अध्यक्षता :

६.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम यस वित्तीय संस्थाको छब्बिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरू २१० जना, उपस्थित रहेका शेयरधनीहरूको शेयर संख्या १४,६५८,१३७ भएको र कुल शेयरको ५६.१२% प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावलीमा व्यवस्था भएबमोजिम बिहान १०:०० बजे अध्यक्ष श्री हरि कृष्ण पन्तको अध्यक्षतामा यस संस्थाको छब्बिसौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गर्नुभयो ।

६.३ अध्यक्षले सबै सञ्चालकहरूको परिचय गराउनु भई सभाको कार्य अगाडि बढाउनुभयो ।

## ७. छलफलको विषयहरू:

**(क) सामान्य प्रस्तावहरू:**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव

(१) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरूलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि वढाउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध :**

## ८. सभाको सञ्चालन:

सभाको सञ्चालन संस्थाका कम्पनी सचिव श्री जग्यप्रसाद पन्तले गर्नु भएको थियो ।



काठमाण्डौ
२०५५

९. **आसन ग्रहण:**

सभामा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरी उपस्थित हुनु भएका अतिथिहरू, लेखापरीक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरूलाई सभा सञ्चालकले आसन ग्रहण गराउनु भयो ।

१०. **स्वागत मन्तव्य:**

संस्थाका कम्पनी सचिव श्री जग्यप्रसाद पन्तले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरू, अतिथि, पत्रकार तथा कर्मचारीवर्गमा स्वागत गरी अध्यक्षज्यूको अनुमतिले सभाको शुरूवात गर्नुभयो ।

११. **वार्षिक प्रतिवेदनको प्रस्तुति:**

संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री हरि कृष्ण पन्तले सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो र शेयरधनीहरूलाई अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

१२. **छलफलका लागि सहभागी शेयरधनीहरू:**

सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्षले आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गरेपश्चात प्रस्तुत विषयवस्तुहरू उपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनीहरूले छलफलमा भाग लिनु भयो ।

१. प्रा.डा. फत्त बहादुर के.सी.

२. श्री अच्युत राज जोशी

३. श्री दामोदर प्रसाद रेग्मी

४. श्री राम प्रसाद पाण्डे

५. श्री यज्ञ प्रसाद शर्मा

१३. **छलफलमा सहभागी हुने शेयरधनीहरूले प्रकट गर्नु भएका बिचारहरू:**

**प्रा.डा. फत्त बहादुर के.सी.**

- संस्थाको २६ औं साधारण सभा संस्थाको उमेर गतिविधीले अग्रणी नै रहेकोछ ।
- संस्थापक तथा जन्मदाता डा. हरिहरदेव पन्तको विपन्नहरूको सेवा गरेर गरीवी निवारण गर्ने दुरदृष्टी र उच्च छविकै कारण संस्था सफल भएको जानकारी गराउनुभयो ।
- संस्थामा सदस्य तथा ऋणी घटिरहेको, लगानीमा रहेको कर्जा र कर्जा गुणस्तरमा केही सुधार देखिएतापनि शेयरधनीको हात रित्तो भएको बताउनुभयो ।
- संस्थाको व्यवस्थापन तथा सञ्चालक समितिले केही खर्च घटाउन सकेतापनि संस्थाको आन्तरिक अवस्थालाई मजबुत बनाएर बाह्य परिस्थितीसँग जुधेर शेयरधनीहरूलाई प्रतिफल दिन आग्रह गर्नुभयो ।

- संस्थाको देशव्यापी कभरेज, अनुभवी कर्मचारी, चुक्ता पुँजी राम्रो रहेकाले बर्तमान अवस्थामा मर्जर संस्थाको लागि उपयुक्त नभएको बताउनुभयो ।
- अहिलेको अवस्थामा मर्जरबाट संस्थाको हित नहुने र बिगतमा भएका अन्य संस्थाको मर्जरबाट पाठ सिक्नु पर्ने कुरा बताउनुभयो । साथै, मर्जरपछि हुन सक्ने दिर्घकालिन प्रभाव र समस्याका वारेमा समेत संबेदनशील हुन आग्रह गर्नुभयो ।

**श्री अच्युत राज जोशी**

- लामो समयदेखि शेयरधनी तथा सञ्चालककोरूपमा रहेर पनि पहिलो पटक आवश्यकता नै ठानेर साधारण सभामा वोल्न लागेको बताउनुभयो ।
- संस्थामा मर्जरको प्रस्ताव के कस्तो आशय र उद्देश्यले ल्याइयो ? सञ्चालक समितिलाई पुष्टि गर्न आग्रह गर्नु भयो । संस्था मर्जरमा गएर संस्थाको के उद्वेश्य पुरा हुन्छ ? यो प्रस्ताव किन ल्याईयो ? भन्ने प्रश्न गर्दै संस्थाको वित्तीय अवस्था खस्किरहेको, नेतृत्वदायी भूमिका गुमिरहेको निर्धनमा अनुभवी कर्मचारी रहेको, अन्य संस्थाकोभन्दा निर्धनले कर्मचारीलाई उपलब्ध गराउँदै आएको सेवा सुविधा राम्रो रहेकोले अन्य संस्था मर्ज गर्दा कर्मचारी खर्च बढ्ने तर उत्पादकत्व बृद्धि नहुने भएकोले बर्तमान अवस्थामा मर्जर गर्न नहुने राय राख्नुभयो ।
- संस्थालाई मर्जर गरे पश्चात आउन सक्ने प्रतिकूल अवस्था प्रति सञ्चालक समिति जवाफदेही भई यो Pioneer Institution लाई बचाउन आग्रह गर्नु भयो ।
- संस्थामा कार्यरत कर्मचारीहरू संस्थाप्रति प्रतिवद्ध नभएको भन्दै कर्मचारीहरूलाई धेरै मिहिनेत र लगनशील भई कार्य गरी संस्थाको मान प्रतिष्ठा जोगाउन आग्रह गर्नुभयो ।
- अहिलेको अवस्थामा कर्मचारी उत्पादकत्व बृद्धि गरि खर्च घटाउने र संस्था बचाउने समय रहेको बताउनुभयो ।
- खर्च नियन्त्रण गर्न, ऋणी बृद्धि गर्न र आन्तरिक नियन्त्रण प्रणाली राम्रो बनाउन सञ्चालक समितिलाई सुझाव दिनुभयो ।
- संस्थाको चुक्ता पूँजी, पूँजी पर्याप्तता अनुपात राम्रो रहेको साथै देशको सबै जिल्लामा शाखा विस्तार गरी समाजमा आफ्नो छुट्टै छाप बनाउन सफल रहेको संस्था मर्जर/प्राप्तीमा जान अनुपयुक्त रहेको बताउनुभयो ।

**श्री दामोदर प्रसाद रेग्मी**

- संस्था अहिलेको अवस्थामा मर्ज गर्नु शेयरधनीको दृष्टिले उपयुक्त नभएको बताउनुभयो ।
- संस्थामा मिहिनेतका साथ काम गर्ने आषाढ महिनामा कर्मचारीहरूले आन्दोलन गरेको र अरूले बिनाधितो कर्जाको किस्ता उठाएपछि मात्रै कर्मचारीहरू फिल्डमा पैसा उठाउन गएर रित्तो हात आएकोले यस्तो अवस्था आउन नदिन व्यवस्थापन चनाखो हुनु पर्ने बताउनुभयो ।
- व्यवस्थापनले राम्रो योजना रणनीति बनाएर कर्जा सदुपयोगिता निरीक्षण गरि असुली गर्न आग्रह गर्नुभयो । विगतका दिनमा संस्थाले राम्रो लाभांश वितरण गरेतापनि अहिलेको व्यवस्थापनले राम्रो काम गर्न नसकेको बताउँदै आफूले खाएको नुनको सोझो गर्न सुझाव दिनुभयो ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाण्डौ २०५५ केन्द्रीय कार्यालय

- गत र यस वर्ष केही लाभांश पाएनौ, आगामी वर्षदेखि शेयरधनीहरूले रित्तो हात लिएर फर्कन नपरोस् भन्ने अपेक्षासँगै संस्थाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

**श्री राम प्रसाद पाण्डे**

- निर्धनको शेयरवाट राम्रै कमाएको बताउनुभयो ।
- यस संस्थाका कर्मचारीहरू धेरै अनुभवी रहेका छन् । कतिपय कर्मचारीहरूले अन्य संस्थामा गएर राम्रोसँग संस्था हाँकिरहेको जानकारी गराउनुभयो ।

**श्री यज्ञ प्रसाद शर्मा**

- २६ औ साधारण सभा २६ गते नै हुन गएकाले यसले शक्ति थप गरेको छ ।
- समस्या समाधान पछि बामे सर्ने बेलामा मर्जरको कुरा आयो, मर्जरबाट कतिपय संस्थाले दुःख पाएको अवस्था रहेको जानकारी गराउनुभयो ।
- संस्थाको हालको वित्तीय अवस्था कमजोर देखिएकोले व्यवस्थापन माथि सञ्चालक समितिले निगरानी बढाउन आग्रह गर्नु भयो ।
- वर्तमान अवस्थामा मर्जरको प्रस्ताव अस्वीकृत गर्न साधारण सभालाई अनुरोध गर्नुभयो ।

१४. **सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ:**

अध्यक्षज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री मुकेश दहालले शेयरधनीहरूको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यवाद दिदैं उठेका जिज्ञासाहरू प्रष्ट पार्नु भएको थियो । उहाँले अर्को वर्ष कम्तिमा दश प्रतिशत लाभाँश वितरण गर्ने गरि कार्य भईरहेको बताउनुभयो । शेयरधनीहरूको राय, सल्लाह र सुझाव आत्मसात गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

१५. **सभाको निर्णय:**

(क) **सामान्य प्रस्ताव सम्बन्धी निर्णय:**

**प्रस्ताव नं. १.** सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय:** सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले २६ औं वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको २०८०/८१ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

**प्रस्ताव नं. २.** लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

**निर्णय:** लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाण्डौ २०५५ केन्द्रीय कार्यालय

**प्रस्ताव नं. ३.** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**निर्णयः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्यको लागि ए. नेपाल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौंलाई संस्थाको लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक समेत निर्धारण गरियोस् भनि राखेको प्रस्तावमा बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्नुका साथै लेखापरीक्षणका क्रममा हुने भ्रमण, लजिङ्ग, खाना तथा खाजा खर्च सहित कुल पारिश्रमिक रु.१०,००,०००।- (अक्षरूपी दश लाख रूपैया) मात्र मुल्य अभिवृद्धि कर सहित भुक्तानी गर्ने गरी ए. नेपाल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौंलाई संस्थाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकमा नियुक्त गर्न सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**(ख) विशेष प्रस्ताव सम्बन्धी निर्णयः**

**प्रस्ताव नं. १.** यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरूलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णयः** यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरूलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव माथि छलफल गरियोस् भनि राखेको प्रस्तावमा संस्थाको चुक्ता पूँजी, पूँजी पर्याप्तता अनुपात राम्रो रहेको साथै देशको सबै जिल्लामा शाखा विस्तार गरी समाजमा आफ्नो छुट्टै छाप बनाउन सफल रहेको संस्था मर्जर/प्राप्तीमा जान उपयुक्त नहुने धारणा शेयरधनीहरूले राखेकोले उक्त प्रस्तावलाई सभाले सर्वसम्मतिबाट अस्वीकृत गर्ने निर्णय गऱ्यो ।

**(ग) विविध प्रस्ताव सम्बन्धी निर्णयः**

**निर्णयः** वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ (१) मा व्यवस्था भएबमोजिम सञ्चालक समितिका अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने अख्तियारी सभाले सर्वसम्मत निर्णय गऱ्यो ।

काठमाण्डौं २०५५ केन्द्रीय कार्यालय

१६. <u>धन्यवाद तथा सभा विसर्जनः</u>

अन्त्यमा, छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरूबाट छलफलमा सकारात्मक तथा सक्रियरूपले सहभागी हुनुका साथै शेयरधनीहरूबाट आवश्यक मार्गदर्शन प्राप्त भएको तथा छब्बिसौ वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरू, शेयर रजिष्ट्रार, लेखापरीक्षक, संस्था सञ्चालनका क्रममा सहयोग गर्ने सबै नियमनकारी निकाय, सञ्चारकर्मी तथा सम्बन्धित सबैलाई धन्यवाद दिदैं सभाका सभापतिले दिउँसो १२:१५ बजे साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ..................... | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाण्डौ २०५५ केन्द्रीय कार्यालय | ..................... |
| (जनय प्रसाद पन्त) | | (हरि कृष्ण पन्त) |
| कम्पनी सचिव | | अध्यक्ष |